# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

## स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाइफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस) सानेपा, ललितपुर

## स्नातक तह नर्सिङ्ग विज्ञान (BNS) कार्यक्रममा भर्ना सम्बन्धी सूचना

## (प्रथम पटक प्रकाशित मितिः २०७६/०३/१४)

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले नेपालको ग्रामीण भेग र शहरी क्षेत्रमा बसोबास गर्ने जनसमुदाय बीच गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा विद्यमान विभेदपूर्ण स्थितिमा सुधार ल्याउन तथा स्वास्थ्यको क्षेत्रमा मुलुकलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने उद्देश्य रहेको छ । प्रतिष्ठानको पाटन अस्पतालले सर्वसुलभ रुपमा सबैजसो किसिमका उपचारात्मक सेवा प्रदान गर्दै आएकोमा प्राज्ञिक क्रियाकलापहरुको विस्तार संगै विज्ञान सम्बन्धी शिक्षा, वैज्ञानिक अनुसन्धान तथा गुणस्तरीय स्वास्थ्य सेवाको माध्यमबाट उद्देश्य प्राप्त गर्ने लक्ष्य यस प्रतिष्ठानले लिएको छ ।

यस प्रतिष्ठानले स्नातक तह नर्सिङ्ग विज्ञान (BNS) कार्यक्रम अन्तर्गत चिकित्सा शिक्षाका नबिनतम अवधारणा र मान्यतालाई समेट्दै वैज्ञानिक पाठ्यक्रम, उपयुक्त शिक्षण विधि, योग्य र अनुभवी शिक्षक तथा समर्पित नेतृत्व बीच प्रभावकारी संयोजन गरेर प्राविधिक रुपले सक्षम र सामाजिक उत्तरदायित्व बोधयुक्त जनशक्ति उत्पादन गरी ती जनशक्तिहरुलाई नेपालको दुर्गम तथा ग्रामीण भेगमा बसोबास गर्ने जनसमुदायको स्वास्थ्य स्थिति सुधार्ने काममा परिचालन गर्ने लक्ष्य राखेको हुदा सो लक्ष्यको मर्मलाई आत्मसात् गर्ने र त्यसको प्राप्तिमा योगदान गर्न चाहने आवेदकहरुलाई यस कार्यक्रममा आवेदन गर्न आह्वान गरिन्छ ।

यस स्नातक तह नर्सिङ्ग विज्ञान (BNS) अन्तर्गत चालू शैक्षिक सत्र २०७६/०७७ मा प्रतिष्ठानले जम्मा ४० जना विद्यार्थी भर्ना लिनेछ । कूल भर्ना संख्यामध्ये १५% सीट पुरुष आवेदकका लागि सुरक्षित गरिएको छ । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को व्यवस्था अनुसार कूल भर्ना सीटको १५% छात्रवृत्ति र बाँकी ८५% सःशुल्क अन्तर्गत छुट्याईएको छ । ***आवेदकले छात्रवृत्ति र सःशुल्कमध्ये कुनै एकमा मात्र दरखास्त दिन पाउने छन् ।*** यसैगरी कुल भर्ना संख्याको १०% सीट आरक्षित गरिएको छ ।

नेपाल सरकार मातहतका स्वास्थ्य संस्था वा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपत्यका बाहिरका शैक्षिक स्वास्थ्य संस्था (Peripheral Teaching Site) मा सेवा गरेका आवेदकले काम गरेको जिल्लाको मानव विकास सूचाकांङ्क (HDI) का आधारमा ग्राह्यता/प्राथमिकता अङ्क पाउने छन् । योग्यताक्रम (Merit) को आधारमा छनौट प्रकृया अवलम्वन गरिनेछ । भर्ना सम्वन्धी शैक्षिक शुल्क प्रतिष्ठानले तोके बमोजिम हुनेछ । प्रतिष्ठानको सेवामा कार्यरत कर्मचारीको लागि एक (१) सीट छुट्याईएको छ । छनौट हुनको लागि आवेदकले अनिवार्य रुपमा प्रतिष्ठानले तोके बमोजिम प्रवेश परीक्षामा न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

**१. आवश्यक न्यूनतम योग्यता**

१.१ आवेदक नेपाली नागरिक हुनु पर्नेछ ।

१.२ आवेदकले प्रवीणता प्रमाणपत्र तह नर्सिङ्गमा मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम ५० प्रतिशत अङ्क ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

१.३ आवेदक नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भई नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएका स्वास्थ्य संस्थामा न्यूनतम एक (१) बर्ष कार्य अनुभव प्राप्त गरेको हुनु पर्नेछ । कार्य अनुभव गणना गर्दा आवेदन दिने अन्तिम दिनलाई आधार मानिनेछ । दर्ताको म्याद सकिएको भए नविकरण गरिएको हुनुपर्नेछ ।

**२. आवेदन फारामः** प्रभु बैङ्क अन्तर्गत काठमाण्डौं उपत्यकाभित्र रहेको कुनै पनि शाखामा ललितपुर नर्सिङ क्याम्पसको नामको खाता नं. १३८००१००७२६८४६००००६ मा जम्मा हुने गरी रु ५००/- (अक्षरुपि पाँचसय मात्र) तिरेको भौचर पेश गरेपछि मिति २०७६/०३/१८ बुधबारदेखि २०७६/०४/०३ गते शुक्रबारसम्म बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म (शनिवार बाहेक) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्कूल अफ नर्सिङ्ग तथा मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस) सानेपाबाट आवेदन फाराम र यस सम्वन्धी सूचना सामग्री प्राप्त गर्न सकिनेछ ।

**३. प्रवेश परीक्षा दस्तुर :** आवेदन दर्ता गराउन आउँदा माथि उल्लेखित बैङ्कको खाता नम्वरमा रु.३,५००/- (अक्षेरुपि तीन हजार पाँच सय मात्र) तिरेको भौचर आवेदन साथ नत्थी गरी बुझाउनु पर्नेछ ।

**द्रष्टव्यः फाराम र प्रवेश परीक्षा दस्तुर वापत बुझाएको रकम फारम रद्द भए पनि फिर्ता हुने छैन ।**

**४. आवेदन फारम बुझाउने समयावधिः**

मिति २०७६/०३/१८ गते बुधबारदेखि २०७६/०४/०३ गते शुक्रबारसम्म र विलम्ब शुल्क वापत **दोब्बर प्रवेश परीक्षा दस्तुर** तिरी मिति २०७६/०४/०५ गते आइतबारदेखि २०७६/०४/१० गते शुक्रबारसम्म (शनिबार बाहेक) दैनिक बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस) सानेपा, ललितपुरमा आवेदन फाराम बुझाउन सकिनेछ ।

**५. प्रवेशपत्र वितरण गर्ने मिति, समय र स्थानः** २०७६ श्रावण १५ र १६ गते, विहान १० बजेदेखि ४ बजेसम्म ललितपुर नर्सिङ्ग क्याम्पस, सानेपा ।

**६. प्रवेश परीक्षा मिति र समय :** २०७६ श्रावण १८ गते शनिबार, विहान १०.०० बजे ।

**प्रवेशपत्र वितरण गर्दा प्रवेश परीक्षा केन्द्र सम्बन्धी जानकारी गराइनेछ ।**

**७. प्रवेश परीक्षाको किसिमः** प्रवीणता प्रमाणपत्र तह नर्सिङ्ग पाठ्यक्रममा आधारित वस्तुगत बहुवैकल्पिक प्रश्नहरु सोधिने छन् ।

**८. स्नातक नर्सिङ्ग विज्ञान (BNS) कार्यक्रममा अध्यापन हुने विषयहरु**

- Adult Health Nursing
- Community Health Nursing
- Psychiatric Nursing
- Child Health Nursing
- Emergency Nursing

समाबेश गरिएका विषयहरुको छनौट प्रकृयामा प्रवेश परीक्षामा प्राप्त गरेको अङ्कको बरियताक्रम (Merit List) को आधारमा Open House Counseling गरी उपर्युक्त बिषयको छनौट विधि अवलम्वन गरिनेछ ।

**९. आवेदन फारामको साथमा सबै समूहका आवेदकले अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु :**

***सबै छायाँप्रति कागजातहरु अनिवार्य रुपमा नोटरीद्वारा प्रमाणित गरिनु पर्नेछ। नोटरीद्वारा प्रमाणित नगरिएका छायाँप्रति कागजातहरुलाई मान्यता दिइने छैन।***

९.१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित छायाँप्रति।

९.२ माध्यामिक शिक्षा (SLC/SEE) परीक्षा वा सो सरहको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित छायाँप्रति।

९.३ प्रवीणता प्रमाणपत्र तह नर्सिङ्ग (PCL) को ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित छायाँप्रति।

९.४ प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित छायाँप्रति।

९.५ प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषद्मा दर्ता भए पश्चात नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएका स्वास्थ्य संस्थामा न्यूनतम एक (१) बर्ष काम गरेको कार्य अनुभव पत्रको प्रमाणित छायाँप्रति।

९.६ प्रवीणता प्रमाणपत्र तहको स्थानान्तरण (Migration) प्रमाणपत्रको प्रमाणित छायाँप्रति (नेपाल बाहिर अध्ययन गरेका आवेदकको हकमा मात्र)।

९.७ हालसालै (तीन महिना भित्र) चस्मा तथा टोपी नलगाई खिचेको पासपोर्ट साइजको रङ्गीन फोटो- तीन (३) प्रति।

९.८ प्रवेश परीक्षा शुल्क वापत रु. ३,५००/- (अक्षरुपि तीन हजार पाँच सय मात्र) तिरेको सक्कल भौचर।

**१०. सशुल्क समूहका आरक्षित स्थानमा आवेदन दिन चाहने आवेदकले माथि उल्लेखित पेश गर्नुपर्ने कागजातहरुको अतिरिक्त देहायका कागजातहरु अनिवार्य पेश गर्नु पर्नेछ-**

**आरक्षित स्थानमा** कूल भर्ना सीट संख्याको १०% स्थान आरक्षण गरिएको छ। सामुदायिक विद्यालयबाट ८, ९, १० कक्षा अध्ययन गरी माध्यामिक शिक्षा (SLC/SEE) परीक्षा उत्तीर्ण गरेका गाउँपालिकामा स्थायी बसोबास गर्ने महिला, दलित, आदिवासी/जनजाति, मधेसी तथा पिछडिएको क्षेत्रका आवेदकहरुको लागि

आरक्षित गरिएको छ । आरक्षित स्थानमा छनौट हुने आवेदकले अनिवार्य रुपमा प्रतिष्ठानले तोके बमोजिम प्रवेश परीक्षामा न्यूनतम मापदण्ड पूरा गरेको हुनुपर्दछ ।

आरक्षित समूहमा छुट्टयाईएको सीट संख्यामा सबै उप-समूहलाई समान हिसावले सीट वितरण गरिनेछ । यसरी आरक्षित समूहमा छुट्टयाईएको सीट संख्या समान वितरण गर्दा न्यूनतम सीट संख्या अपुग भएमा वा बराबरी वितरण गरेर बाँकी रहेको सीट संख्याको लागि सबै उप-समूहलाई एउटै समूह मानी आवेदकहरुमध्येबाट उनीहरुले प्रवेश परीक्षामा पाएको कुल अङ्कका आधारमा वरियताक्रममा छनौट गरिनेछ । यदि कुनै पनि आवेदक आरक्षित कोटामा उत्तीर्ण हुन नसकेको खण्डमा सो स्थानमा योग्यताक्रमानुसार खुल्ला समूहको आवेदकलाई भर्ना गरिनेछ ।

**आरक्षित समूहमा आवेदन गर्न चाहनेले निम्नानुसार प्रमाणित छायाँप्रतिहरु अनिवार्य रूपमा पेश गर्नुपर्नेछ-**

१०.१ आवेदक ग्रामीण क्षेत्र (गाउँपालिका) मा हालसम्म स्थायी बसोबास गरेको हो भन्नेव्यहोरा प्रष्ट खुल्ने गरी सम्बन्धित गाउँपालिकाबाट जारी कागजातको प्रमाणित छायाँप्रति । आवेदक अन्य गाउँपालिका वा जिल्लामा बसाइँ सरी ग्रामीण क्षेत्रमै स्थायी बसोबास गरिराखेको भए पूर्व गाउँपालिकाबाट बसाइँ सरेको व्यहोरा खुल्ने गरी हाल स्थायी बसोबास गरेको गाउँपालिकाबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ६ महिना भित्र जारी गरिएको स्थायी बसोबासको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ । साथै आवेदकको नागरिकतामा उल्लेखित स्थायी ठेगाना निज ग्रामीण क्षेत्रमा स्थायी बसोबास गरेको प्रमाणसंग मिल्ने हुनुपर्नेछ ।

१०.२ आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र प्रवेशिका परीक्षा/माध्यमिक शिक्षा परीक्षा दिएको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

१०.३ सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

१०.४ आवेदक दलित भएमा राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

१०.५ आवेदक आदिवासी/जनजाति भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

१०.६ आवेदक मधेसी भएमा नेपाल मधेशी आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

१०.७ आवेदक पिछडिएको क्षेत्रमा स्थायी बसोबास गरेको भए सम्बन्धित गाउँपालिका वा जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**११. छात्रवृत्तिमा आवेदन गर्नको लागि** : छात्रवृत्ति अन्तर्गत कुल सीट संख्याको पन्ध्र प्रतिशत (१५%) बिद्यार्थीहरु छनौट हुनेछन् । छात्रवृत्तिको आवेदनका लागि आवेदन दिने आवेदकहरुले निम्नानुसारका प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ-

११.१ आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र प्रवेशिका परीक्षा/माध्यमिक शिक्षा परीक्षा दिएको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

११.२ सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

११.३ आवेदक विपन्न हो भनी सम्बन्धित वडा कार्यालयबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ६ महिना भित्र जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति । **विपन्नता प्रमाणपत्रमा विपन्न शब्द अनिवार्य उल्लेख गरिएको हुनु पर्नेछ ।**

छात्रवृत्ति अन्तर्गत प्रतिष्ठान ऐनमा व्यवस्था भए अनुसार पन्ध्र प्रतिशत (१५%) लाई शत प्रतिशत मानी सो को पैतालिस प्रतिशत (४५%) स्थानमा महिला, दलित, आदिवासी/जनजाति, मधेसी तथा पिछडिएका क्षेत्रका आवेदकहरुमध्येबाट छनौट गरिनेछ । छात्रवृत्ति अन्तर्गत आरक्षण समूहमा आवेदन दिने आवेदकले माथि उल्लेखित प्रमाणहरुमा बुँदा नं. ९ का अतिरिक्त निम्नानुसारका प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

क) आवेदक दलित भएमा राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

ख) आवेदक आदिवासी/जनजाति भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

ग) आवेदक मधेसी भएमा नेपाल मधेसी आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

घ) आवेदक पिछडिएको क्षेत्रमा स्थायी बसोबास गरेको भए सम्बन्धित गाउँपालिका/नगरपालिका वा जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**१२. कर्मचारीको लागि छात्रवृत्ति सम्वन्धी व्यवस्था :** स्नातक तह नर्सिङ्ग विज्ञान (BNS) को भर्नामा प्रतिष्ठानका कर्मचारीहरुको लागि एक (१) स्थान सुरक्षित गरिएको छ । स्थायी पदमा न्यूनतम सात (७) बर्ष अविच्छिन्न काम गरेका कर्मचारीले यो सुविधा प्राप्त गर्न सक्नेछन् । आवेदकले प्रतिष्ठानमा स्थायी भई न्यूनतम सात (७) बर्ष कार्य अनुभव हासिल गरेको व्यहोरा खुलेको पत्र अनिवार्य पेश गरेको हुनुपर्नेछ । यो सुविधा कुनै कर्मचारीले दोहोर्‍याएर भने लिन पाउने छैन । छनौटको आधार प्रतिष्ठानको निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ ।

**१३. अन्य जानकारी :**

१३.१ म्याद नाघी आएको वा रीत नपुगेको वा आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात पूरा नभएको आवेदन दर्ता गरिने छैन । दर्ता पश्चात् संकलित फारम रुजु गर्दा रीत नपुगेको पाईएमा प्रतिष्ठानले त्यस्ता फाराम रद्द गर्नेछ ।

१३.२ यदि कुनै विद्यार्थीले नक्कली कागजात वा झुट्टो विवरण पेश गरेको प्रमाणित भएमा सो विद्यार्थीलाई प्रतिष्ठानले कुनै पनि समय शैक्षिक कार्यक्रमबाट निष्कासन गरी प्रचलित कानून बमोजिम कारवाहीका लागि पठाउनेछ ।

१३.३ छात्रवृत्ति अन्तर्गत अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को व्यवस्था अनुसार नेपाल सरकार वा यस प्रतिष्ठानले

तोकेको स्वास्थ्य संस्थामा गई कवुलियतनामा उल्लेख भएको अवधिभर काम गरिसकेपछि मात्र यस प्रतिष्ठानबाट स्थायी प्रमाण-पत्र पाउने छन् ।

**द्रष्टव्यः**

क) आवेदन फाराम बुझाउँदा उल्लेखित सम्पूर्ण कागजातहरुको सक्कल अनिवार्य रूपले साथमा ल्याउनु पर्नेछ ।

ख) सम्पूर्ण छाँयाप्रति कागजातहरु नोटरीद्वारा प्रमाणित गरिनुपर्नेछ ।

ग) पिछडिएको क्षेत्र भन्नाले ९ जिल्ला क्रमशः हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, बाजुरा र जाजरकोटलाई जनाउँदछ (संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ तथा संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४ को दफा ७ उप दफा (३) संग सम्बन्धित अनुसूची-१) ।

घ) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ । शिक्षा ऐन, २०२८ दफा २ (घ २) ।

**थप जानकारीको लागि :**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाइफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस), सानेपा, ललितपुर

फोन नं. : ०१- ५५२६४९०, ५५२१६३४

Website : www.pahs.edu.np